# मणिहर्ष ज्योति : जीवनीको एक झलक

| | |
|---|---|
| नाम थर :- | मणिहर्ष ज्योति कंसाकार |
| जन्म :- | वि. सं. १९७४ मार्ग कृष्ण सप्तमी |
| | ने. सं. १०३८ कछला गाः ७ |
| | ई. सं. १९१७ दिसेम्बर ५ |
| जन्मस्थान :- | केलटोल, तःखाछेँ, काठमाडौं |
| पिता :- | साहू भाजुरत्न कंसाकार |
| माता :- | श्रीमती ज्ञानमाया कंसाकार |
| शिक्षा :- | प्रारम्भिक शिक्षा - पं. सिद्धिहर्ष बज्राचार्य, |
| | स्कुली शिक्षा - कालिम्पोङ्ग |
| | बी. कम. (वाणिज्य शास्त्र) - कलकत्ता विश्वविद्यलय |
| धर्मगुरु :- | धर्म आदित्य धर्माचार्य |
| विपश्यना गुरु :- | कल्याणमित्र सत्यनारायण गोयन्का |
| विवाह :- | वि. सं. २००१, श्रीमती केशरी लक्ष्मी कंसाकारसँग |
| कार्यक्षेत्र :- | कालिम्पोङ्ग, कलकत्ता र काठमाडौं |

*व्यवसाय :-*

- ❖ अध्यक्ष, ज्योति समूह (हिमाल आयरन एण्ड स्टील, भाजुरत्न इञ्जिनियरिङ्ग एण्ड सेल्स, हिमाल वायर्स लि., हिमाल अक्सिजन, स्याकार कम्पनी, स्यामुकापु, ज्योति स्पिनिङ्ग मिल्स लि. भाजुरत्न फर्मा प्रा. लि. आदि )।
- ❖ अध्यक्ष, औद्योगिक जाँच कमिशन।
- ❖ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ।

- सदस्य, संचालक समिति नेपाल राष्ट्र बैंक (लगातार तीन पदावधिका लागि); संचालक समिति नेपाल औद्योगिक विकास निगम।

*सामाजिक तथा अन्य सेवा :-*

- सदस्य, महासभा (वि सं २०१५-२०१७)।
- अध्यक्ष, वीर अस्पताल विकास समिति; रोटरी क्लव काठमाडौं, नेपाल चीन सांस्कृतिक परिषद्।
- उपाध्यक्ष, धर्मोदय सभा; विश्व बौद्ध भातृत्व संघ, सनातन धर्म सेवा अक्षय कोष।
- कोषाध्यक्ष, नेपाल कुष्ठरोग निवारण संघ; नेपाल आँखा अस्पताल; सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्; नेपाल भाषा एकेदमी; लुम्बिनी विकास कोष; श्री ५ त्रिभुवन स्मारक समिति।
- संस्थापक सदस्य, लुम्बिनि धर्मोदय समिति।
- वरिष्ठ सदस्य, संचालक समिति परोपकार संस्था।
- संस्थापक, धर्मोदय सभा; नेपाल हिमालय पार वाणिज्य संघ।
- सभासद्, त्रिभुवन विश्वविद्यालय सभा।
- ट्रस्टी प्रमुख, नेपाल विपश्यना केन्द्र काठमाडौं।
- प्रमुख सल्लाहकार, नेपाल भाषा परिषद्।
- प्रमुख आयोजक मध्ये एक, विश्व बौद्ध सम्मेलन, काठमाडौं।
  (चौथो सन् १९५६, पन्ध्रौ सन् १९८६)
- सहभागी, विश्व बौद्ध सम्मेलन कोलम्बोमा पहिलो, रंगूनमा तेस्रो, टोकियोमा आठौं, बैंककमा एघारौं, टोकियोमा बाह्रौं, सिउलमा सत्रौं (उपाध्यक्षमा निर्वाचित)।

*मान पदवी :-*

- गोरखा दक्षिण बाहु चौथो वि. सं. २०३३।
- प्रसिद्ध प्रबल गोरखा दक्षिण बाहु दोस्रो वि. सं. २०४२।

*प्रशंसा पत्र :-*

- नेपाल उद्योग वाणिज्य संघको रजतजयन्ती प्रशंसा-पत्र वि. सं. २०४७।

*उपाधि :-*

- भाषाजवा:, च्वसापासाबाट, ने. सं. १०८३।

*भ्रमण :-*

- तत्कालिन प्रधानमन्त्री स्वर्गीय विश्वेश्वरप्रसाद कोइरालाद्वारा नेतृत्व गरिएको सन् १९६० मा चीन गएको प्रतिनिधि मण्डलको सदस्य भई चीन गएको।
- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सन् १९९२ मा चीन गएको प्रतिनिधि मण्डलको सदस्य भई दोस्रो पटक चीन गएको।

*विश्व भ्रमण :-*

- भारत, बर्मा, बंगलादेश, थाइल्याण्ड, मलेसिया, सिंगापुर, हङकङ, जापान, दक्षिण कोरिया, गणतन्त्र चीन, श्रीलंका, पाकिस्तान, बेलायन, फ्रान्स, पश्चिम जर्मनी, इटाली, अष्ट्रिया, नेदरल्याण्ड, बेल्जियम, कटार, लेवनान, संयुक्त अरब इमिरेट्स, इजरायल र संयुक्त राज्य अमेरिका।

देहावसान :- वि. सं. २०४९ माघ कृष्ण नवमी (माघ ३ गते)

ने. सं. ११११३ पोहेलागाः ९,

ई. सं. १९९३ जनवरी १६

# मणिहर्ष ज्योति

मणिहर्ष ज्योति आफ्नो जीवनकालमा मणि झै ज्योतिमान थिए । आफ्नो नाउँ अनुरुप उनको स्वभाव थियो । उनलाई चमकदार हीरा भन्नु पनि त्यतिकै समीचीन छ । खानिबाट निस्कँदैमा हीरामा चमक हुँदैन । जति विभिन्न कोण र परत पारी कुँदिन्छ त्यति नै हीरामा चमक प्रस्फुटित हुन्छ । कुँद्नु संघर्षको अर्को नाम हो । मणिहर्ष ज्योतिलाई हीरा भन्नुको तात्पर्य बालक अवस्थादेखि संघर्ष गर्दागर्दै उज्यलिँदै गएको व्यक्तित्व हो ।

विक्रम संवत् १९७४ सालमा मछिन्द्रबहालका चारैतिर भीषण अग्निकाण्ड भएको थियो । त्यो प्रकाण्ड अग्नि ज्वालाले मणिहर्ष ज्योतिको जन्मघर तःखाछेँलाई चारैतिरबाट घेरेको थियो तापनि त्यो घर जलेन किनभने त्यो घरमा पुस्तौँ पुस्तादेखि काँसको भाँडा वर्तन बनाउने ज्यासल राखिएको थियो । १९७४ सालमा यही तःखाछेँमा जन्म लिएको मणिहर्ष ज्योति ७६ वर्षसम्म बाँचेर उनको जीवन लीला समाप्त भयो ।

त्यो अग्निकाण्डले मणिहर्ष ज्योतिका ज्येष्ठपिता कुलरत्न र पिता भाजुरत्न कंसाकारका काँचो धागो र कपासका पसलहरु जलेर खरानी भयो । पसलका सम्पूर्ण सामानहरु जलेकोले आय स्रोतको मुहान नै रोकियो । अर्को पसल थाप्न ऋण लिनु पर्यो । ऋण जसरी सजिलोसँग लिइन्छ, त्यसरी सजिलोसँग ऋण तिर्न सकिदैन । ऋणमाथि ऋण थपियो । ऋणले बोझले दुवै दाज्यूभाइ बेसरी थिचिए । यस्तो संकष्टको स्थितिमा मणिहर्ष ज्योतिको बाल्य जीवन बितेको थियो ।

दुःख एक्लै आउँदैन भन्ने उखान छ । दुःखीलाई एक किसिमको दुःखपछि अर्को किसिमको दुःख आई नै रहन्छ । मणिहर्ष ज्योतिका ममतामयी माता ज्ञानमाया केही दिनको रोगले एक्लो छोरालाई टुहुरो पारी स्वर्गधाम गइन् । बालकको लागि आमाभन्दा ठूलो संसारमा अरु कोही हुँदैन । मातृविहीन टुहुरो मणिहर्ष ज्योति कहिले आफ्नै घरमा र कहिले मावली बूढोमावली घरमा रही हुर्के बढे । भाजुरत्न कंसाकारले दोस्रो श्रीमती विवाह गरे । विमाता जतिसुकै असल भए पनि तिनले आमाको ठाँउ लिन सक्दैन । यो कुरा पुराणको कथामात्र नभई व्यावहारिक सत्य पनि हो।

ऋणको आगोले चारैतिरबाट घेरेकोले भाजुरत्न कंसाकारलाई घरबाट बाहिर निस्कन समेत मुश्किल भयो । आफ्नो मन मिल्ने साथी भाइ र गुरुजनहरुबाट मिले जति सर-सापटी गरी उनी कसैलाई सुइँको नै नदिइकन काठमाडौंबाट कालिम्पोङ्ग पुगे । राम्रो किसिमको पसल थाप्न आफूसँग भएको पूंजीले नभ्याउने भएकोले उनले सर्वप्रथम तमाखु बेच्ने काम गरे । यसबाट केही रकम जम्मा भएपछि उनले आफ्नी श्रीमतीलाई कालिम्पोङ्गमा नै झिकाए । बालक मणिहर्ष ज्योतिको बाल्यकाल आमा बितिसकेको र बाबु परदेशमा रहेकोले अनाथ रुपमा बितिरहेको थियो ।

मणिहर्ष ज्योति ५ वर्ष पुगेपछि उनको अक्षरारम्भ शुरु भयो । केही समयपछि उनलाई उनका पिताले कालिम्पोङ्गमा नै झिकाई त्यहाँको स्कूलमा भर्ना गरे । कालिम्पोङ्ग मानिसहरुको सागर थियो । त्यहाँ भारतका बंगाली र

बिहारीहरु मात्र होइन अन्य प्रान्तहरुबाध पनि मानिसहरु आई बस्ती बसाली घरजम गरी बसिरहेका थिए । त्यहाँबाट ल्हासा जाने नयाँ बाटो खुलेको नेपाली, सिक्किमी र तिब्बतीहरुशले पनि कालिम्पोङ्गलाई आफ्नो व्यापार केन्द्र बनाई बसिरहेका थिए । नजीकको दार्जीलिङ्ग अंग्रेजहरुको शीतकालीन आवास थियो । कालिम्पोङ्गमा बस्ती बढ्दै थियो । यसको साथै त्यहाँको बन्द व्यापा।को पनि उत्तरोत्तर बृद्धि हुँदै थियो । यस्तैमा भाजुरत्न कंसाकारले पनि तमाखु पसलबाट पित्तल र तामाका भाँडा वर्तनका दुकान खोले । त्यसपछि काठमाडौंबाट तमौटेहरु झिकाई ज्यासल थापी तरक्की गर्दै गए ।

बालक मणीहर्ष ज्योतिको बस-उठ खेल-कूद कालीम्पोङ्गमा आई बसिरहेका विभिन्न जात-जातिका बच्चाहरुसँग भयो । आफ्ना पिताले भोगेका दुःख कष्टका कथा पनि सुन्दै गए । भुक्तभोगी भाजुरत्न कंसाकारले आफ्नो छोरा मणिहर्ष ज्योतिलाई आफ्ना मित्र त्यस बेलाका प्रसिद्ध ल्हासा साहू धर्ममान तुलाधर (धर्मा साहू) को कलकत्ताको कोठीमा राखी त्यहाँको बन्द व्यापारको तरीका सिकोस् भनी उनै साहूकहाँ काम गर्ने मानिसहरुलाई भात पकाई खुवाउने गरी कलकत्तामा पढ्न पठाए ।

एउटा साहूको छोरा भएर पनि भान्छेको काम गर्नु पर्दा मणिहर्ष ज्योतिको किशोर हृदयमा आधात त पर्यो होला नै तर उनले यसबाट के शिक्षा लिएको थियो होला भने अहिले राम्ररी पढी गुनी व्यापारी कलामा राम्रो ज्ञान हासिल गर्न सकिएमा एकदिन यस्तै एउटा व्यापार कोठी आफूले पनि स्थापना गर्न सकिनेछ र स्थापना गर्नुपर्छ ।

मणिहर्ष ज्योति दुःख-कष्ट झेली कलकत्ता युनिभर्सिटीबाट वाणिज्य शास्त्रमा स्नातक तहसम्म अध्ययन गरी उत्तीर्ण भए । कलकत्तामा बुद्ध धर्मका पुनरुद्धारक धर्मपालबाट प्रभावित भई धर्म आदित्य धर्माचार्य भन्ने छद्म नामले 'बुद्ध धर्म र नेपाल भाषा' पत्रिका सम्पादन एवं प्रकाशन गरिरहेका जगत्मान वन्द्यसँग हुन गयो । मणिहर्ष ज्योतिले उनलाई आफ्नो धर्मगुरु माने । उनले स्थविरवादी बुद्ध धर्म सम्बन्धी ज्ञान उनीबाट नै प्राप्त गरे । मणिहर्ष ज्योतिले 'बुद्ध धर्म र नेपाल भाषा' पत्रिकामा विद्यर्थीले गर्न सकिने किसिमको काम गरेका थिए । मणिहर्ष ज्योतिले यसै बेलादेखि बुद्ध धर्मको मूल आधार पञ्चशील पालन गरे र जीवनभर उनले पञ्चशील पालन गरिरहे । धर्म आदित्य धर्माचार्यबाट प्रभावित भएर मणिहर्ष ज्योतिले कालिम्पोङ्ग र काठमाडौंमा स्थविरवादी बुद्ध धर्मको उत्थान र संरक्षण निमित्त आर्थिक सहयोग गरी अद्वितीय काम गरेर गए ।

किशोर अवस्थामा जे देखे पनि राम्रो नराम्रो केही विचार नगरीकन त्यो कुरा सिकिन्छ । मणिहर्ष ज्योतिले साथीहरुको लहैलहैमा लागेर चुरोट खाने बानी सिकेथ्यो । आफ्ना पिताजीबाट लुकी छिपी उनी चुरोट खान्थे । यसको सुइँको पिता भाजुरत्नले पाएथ्यो र एकदिन चर्पी भित्र बसी चुरोट खाएर बाहिर निस्केका मणिहर्ष ज्योतिलाई गाली मात्र गरेनन् कि हात पनि छोडे । त्यसपछि मर्णिहर्ष ज्योतिले चुरोट मात्र होइन कि कुनै पनि किसिमको अम्मलको सेवन कहिल्यै पनि गरेनन् ।

ईश्वरचन्द्र विद्यासागर, आशुतोष मुखर्जी, सुभाषचन्द्र बोसको कर्मभूमि कलकत्तामा अध्ययन गरिरहेका मणिहर्ष ज्योति महात्मा गान्धीको स्वराजको आह्वानमा शरीक भए । खद्दरका पोशाक र गान्धी टोपी लगाई उनी गान्धीको भक्त भई अध्ययन गरिरहे । उनी दिनदिनै बिहान सबेरै उठी नुहाउँथे र बेलुका आफ्ना लुगा धोई सदा सफा सुकिलो लुगा लगाउँथे ।

मणिहर्ष ज्योतिलाई खाना पकाए वापत बिहान बेलुकाको खाना र बास मिलेको थियो तर दिउँसो खाजाको लागि केही व्यवस्था थिएन । कलेजमा पढिसकेर फर्कदा भोक लाग्नु स्वभाविक थियो । केही दिनसम्म त उनी खाजा नखाईकनै बसे तर नसक्ने भएपछि उनले आफूलाई आफ्ना पिताजीले दिइराखेको सुनको औंठी बेचेर आफ्नो भोक मेटे । यो कुरा उनले बाबुलाई थाहा दिएको थिएन । भाजुरत्न साहूले आफ्नो छोराको हातमा आफूले दिइराखेको औंठी नदेखेपछि उनीसँग सोद्धा मात्र उनले औंठी बेच्नु परेको कारण बताए ।

कलकत्तामा अध्ययन गरिरहँदा रहँदै उनले नेपालभाषा, नेपाली, हिन्दी, बंगाली, अंग्रेजी आदि सबै भाषा मिलेको खिचडी भाषा बोल्न सिकेछ । बर्षौंसम्म कलकत्तामा बसी खूब राम्ररी पढेर आएको छोराले यस्तो खिचडी भाषा बोलेको सुन्दा भाजुरत्न कंसाकारलाई रिस उठेछ र छोरालाई भने, "तिमी कलकत्तामा यतिका वर्ष बसेर पढेर यस्तो खिचडी भाषा सिकेर आएछौ । यस्तो भाषा मलाई मन पर्दैन । तिमी काठमाडौंमा गएर आफ्नो मातृभाषा नेवारी राम्ररी बोल्न सिकेर आउ ।" भाजुरत्नले मणिहर्ष ज्योतिलाई काठमाडौंमा पठाए ।

व्यापार गर्न भनी काठमाडौंमा पठाएको मणिहर्ष ज्योतिले काठमाडौंमा आई भाँडाकुँडाको पसल खोले । काठमाडौंमा एक डेढ वर्ष रहँदा पनि उनले पसलबाट लाभ गर्न सकेन । काठमाडौंको व्यापारमा उनी असफल भए । यदि यस बेला उनी सफल भएको भए मणिहर्ष ज्योति नेपालको एक प्रसिद्ध उद्योगपती र समाजसेवी बन्न सक्ने थिएन । उनी नेपालका अन्य साहू महाजनहरु जस्तै एक धनी साहू मात्र बन्ने थिए । यो असफलताले उनको मनमा ठूलो चोट पुर्यायो । अर्को तर्फ उनका पिता भाजुरत्न कंसाकारले व्यापारीको छोरा भएर पनि एउटा पसल पनि राम्ररी चलाउन नसक्ने भनी झपारेर उनलाई कालिम्पोङ्गमा नै झिकाए । यसबाट मणिहर्ष ज्योतिको जीवनमा एउटा ठूलो मोड ल्यायो ।

कालिम्पोङ्गमा फर्केर गएपछि मणिहर्ष ज्योतिको भाग्य जाग्यो । पहिले उनले बाबुको काममा सघाए । पछि उनले व्यापारमा परिवर्तन गरे । तिब्बतको फारीजोङ्गबाट टक मारी निस्केका धातुका टुक्रा पत्रूहरु कालिम्पोङ्गमा ल्याई बिक्री गरे । यस बेला द्वितीय विश्व युद्ध चम्किरहेको थियो । बजारको भाउ तल माथि भइरहेको थियो । यो पत्रूको व्यापारबाट मणिहर्ष ज्योतिलाई निकै फाइदा भयो । उनले कालिम्पोङ्गमा ठूलो चकला जग्गा खरीद गरे ।

मणिहर्ष ज्योतिले कालिम्पोङ्ग, कलकत्त र ल्हासामा व्यापारीहरुका माल-सामानहरु पुर्याइदिने क्लियरिङ्ग एण्ड फर्वार्डिङ्ग काम लिए । यसबाट पनि उनलाई फाइदा नै भयो । भाजुरत्न साहू सधैं सेतो टोपी लगाउँथे । तिब्बतबाट

आउने व्यापारीहरुले उनलाई स्यामु कार्पु अर्थात् सेतोटोपी भनी भन्थे । यो नाम ल्हासासम्म पनि चलेको थियो । यसकारण भाजुरत्न साहूले आफ्ना छोरा भतिजहरुको सहयोगबाट ल्हासा स्यामुकापु नामबाट व्यापारिक कोठी खोले । मणिहर्ष ज्योति आफू कालिम्पोङ्ग र कलकत्तामा रहेर आफ्ना भाइहरु रत्नज्योति, ज्ञानज्योति र देवज्योतिलाई कोठीको नाइके बनाई ल्हासामा पठाए ।

मणिहर्ष ज्योतिले अध्ययनको सिलसिलामा अंग्रेजी भाषा मात्र होइन हिन्दी र बंगाली भाषा पनि राम्ररी बोल्न सक्ने गरी सिकेका थिए । कालिम्पोङ्गमा रहँदा उनले भोटे भाषा पनि सिकेका थीए । नेपालभाषा त उनको मातृभाषा नै भयो । यसरी बहुभाषाको ज्ञान हुनु उनको व्यवसायको लागि निकै लाभदायकसिद्ध भयो ।

कुन कस्तो खालको मानिस हो भनी चिन्न सक्नु एउटा गुण हो भने कस्तो मानिससँग कुन किसिमको कुरा गर्नुपर्दछ भनी जान्नु अर्को गुण हो । मणिहर्ष ज्योतिमा यी दुवै गुण थिए । उनले सानादेखि ठूलठूला मानिसहरुलाई समेत आफ्ना परम हितैषी मित्र बनाएका थिए । उनका बंगाली मित्रहरुले उनलाई कलकत्ताको व्यापार व्यवसायमा ठूलो सहयोग गरेका थिए भने ल्हासाका मित्रहरुले ल्हासाको व्यापारमा सघाएका थिए । उनी धर्मात्मा एवं दानी थिए । बुद्ध धर्ममा उनका ठूलो श्रद्धा थियो । बुद्ध धर्मको उत्थानमा उनले उदार हृदयले काम गरेका थिए । उनलाई आवश्यक परेको बेलामा भिक्षु एवं लामाहरुले पनि आवश्यक सहयोग पुर्याएका थिए ।

युद्ध क्षेत्रमा जाने योद्धा जसरी साहसी हुनुपर्दछ. व्यापारिक क्षेत्रमा अगि बढ्ने व्यापारी पनि त्यस्तै आँटिलो बन्नुपर्दछ । मणिहर्ष ज्योतिमा ठूला ठूला व्यापार एवं उद्योग गर्ने आँट थियो । ठूला काम गर्दा ठूलै बाधा अडचन आउनु स्वाभाविक थियो । तर जस्तोसुकै बाधा विध्न आए पनि उनी हतोत्साह हुँदैनथे । मणिहर्ष ज्योतिले द्वितिय विश्व युद्धमा प्रयोग गरी फ्याँकिएका आसाम र बर्माको जंगलमा यत्रतत्र परिरहेका गाडीहरु बटुली चौरंगी मैदानमा जम्मा गरी बिक्री गर्ने ठेक्का लिएका थिए । यो एउटा जोखिमपूर्ण काम थियो तर उनी यसमा सफल भए ।

मणिहर्ष ज्योतिले लिएको व्यापार एवं उद्योगको स्वरुप हेर्दा उनलाई धातु सम्बन्धी काम फाप सिद्ध भएको देखिन्छ । टकसारको पत्रूको बिक्रीबाट शुरु गरेको उनको व्यावसाय दक्षिण भारतका विभिन्न क्षेत्रमा फलाम र म्यांगानीजहरु खानीबाट झिकी देश विदेशमा निकासी गरि पठाउने ठेक्कासम्म फैलिँदै गयो । यसमा उनलाई सफलता मिलेको थियो । त्यसपछि उनले भिलाइको फलाम खानीको ठेक्का लिए । एउटा नेपाली व्यापारीको लागि यो निकै ठूलो जोखिमपूर्ण ठेक्का थियो । शुरु शुरुमा निकै हण्डर खानु परेतापनि पछि उनी सफल नै भए । नेपालमा आई मणिहर्ष ज्योतिले परवानीपुरमा स्टील रोलिङ्ग मिल स्थापना गरे । यो उद्योग जनताबाट उठाएको पहिलो ठूलो उद्योग थियो । धेरै दुःख, कष्ट, विध्न, बाधा, झमेला झेली मणिहर्ष ज्योतिले यसमा पनि सफलता प्राप्त गरे ।

कंसाकारहरुको जातीयता अनुसारको पुख्र्यौली पेशा कांस चरेसका थाल कचौरा थापिं आदि भाँडाहरु बनाउनु थियो । कुलरत्न र भाजुरत्न कंसाकारले पुख्र्यौली काम छोडी धागो र कपासको व्यापार गरेथे तर आगलागीले उनीहरुले ठूलो आपत झेल्नु परेको थियो । मणिहर्ष ज्योतिले धेरै वर्षपछि यही धागोको उत्पादन गर्ने एउटा विशाल ज्योति स्पिनिङ्ग मिलको स्थापना गरे । यो उद्योग सफलताको मार्गमा अघि बढिरहेको बेलामा उनले यस संसार त्याग गरे ।

हुन त मणिहर्ष ज्योति एक सफल व्यापारी र उद्योगपति थिए तर उनले समाज सेवामा पनि उत्तिकै संलग्न भई मानव चोला सफल पारे । कालिम्पोङ्ग, कलकत्ता र काठमाडौं जहाँ पनि उनले सामाजिक सेवा गर्न कहिल्यै छोडेनन् । व्यापार व्यवसायमा उनी ज्योति ग्रूपका अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष, औद्योगिक जाँच कमिशनका अध्यक्ष, नेपाल हिमाल पार वाणिज्य संघका संस्थापक, संचालक समिति नेपाल राष्ट्र बैंकका सदस्य, संचालक समिति नेपाल औद्योगिक विकास निगमका सदस्य थिए भने धार्मिक संस्था धर्मोदय सभाका संस्थापक कोषाध्यक्ष र उपाध्यक्ष, सनातन धर्म सेवा समिति कोषका सदस्य, लुम्बिनी विकास कोषका कोषाध्यक्ष, विश्व बौद्ध भातृत्व संघका उपाध्यक्ष र नेपाल विपश्यना केन्द्र काठमाडौंका ट्रस्टी थिए । यस्तै सामाजिक सेवा क्षेत्रमा वीर अस्पताल विकास समितिका अध्यक्ष, नेपाल आँखा अस्पतालका कोषाध्यक्ष, संचालक समिति परोपकार संस्थाका वरिष्ठ सदस्य, नेपाल कुष्ठरोग निवारण संघका कोषाध्यक्ष, रोटरी क्लब काठमाडौंका अध्यक्ष, श्री ५ त्रिभुवन स्मारक समितिका कोषाध्यक्ष, सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्का कोषाध्यक्ष थिए भने शिक्षा एवं साहित्य क्षेत्रमा नेपाल भाषा एकेदमीका कोषाध्यक्ष, त्रिभुवन विश्व विद्यालय सभाका सभासद् थिए । त्यस्तै सांस्कृतिक क्षेत्रमा नेपाल चीन सांस्कृतिक परिषद्का अध्यक्ष थिए ।

मणिहर्ष ज्योतिले काठमाडौंमा आई प्रत्यक्षतः राजनीतिमा भाग लिएको देखिदैन । तापनि एक राष्ट्रिय स्तरमा प्रसिद्ध व्यापारीको नाताले उनलाई नेपालको पहिलो संसद्को सभासद्को रुपमा मनोनीत गरेको थियो ।

मणिहर्ष ज्योतिले तत्कालीन दुई प्रधानमन्त्रीको नेतृत्वमा चीन गएको प्रतिनिधि मण्डलको सदस्य भई मित्रराष्ट्र चीनको भ्रमण गरेका थिए भने बुद्ध धर्म र उद्योग व्यापार सम्बन्धी प्रतिनिधि मण्डलको सदस्य भई विश्वका अधिकांश राष्ट्रहरुको भ्रमण गरेका थिए ।

वासनादार फूलमा भमरा भन्कन्छ, गन्धरहित फूलमा भमरा कहिल्यै जाँदैन । मणिहर्ष ज्योतिकहाँ को विद्यार्थी, को यात्री, को लेखक, को सामाजिक एवं धार्मिक सहायताको लागि जाने गर्दथे र त्यसरी गएकाहरुले खाली हात फर्कनु पर्दैनथ्यो । धेरकथोर आर्थिक सहायता पाइहाल्दथे । भूकम्प तथा बाढी पीडित जनताको लागि पनि उनले उदारहृदयले चन्दा दिने गरेको कुरा धेरैलाई थाहा भएकै कुरा हो । परन्तु मणिहर्ष ज्योतिको एउटा स्वभाव चन्दा दिंदा दिएको चन्दाको राम्ररी सदुपयोग हुन्छ कि हुँदैन भनी बुझेर मात्र चन्दा दिने गर्दथे । आफूसँग काम गरी खान सक्ने हात गोडा भइकन पनि मागी हिंड्ने मगन्तेहरुलाई उनी एक पैसा पनि दिदैनथे । माग्नेलाई दान दिनु

दान नभई मगन्तेको संख्या बढाउनु हो र काम नगरीकन खान पल्केकाहरुलाई बढावा दिनु हो भन्ने उनको सिद्धान्त थियो ।

मणिहर्ष ज्योति करोडपति महाजन थिए तापनि उनले आफूले पहिले भोगेका दुःखका कहानी सुनाउन उनी कत्ति हिचकिचाउँदैनथे । उनको यो आर्थिक समृद्धि मेहनतको फल हो भाग्यको वरदान होइन भनी उनी अरुलाई पनि मेहनत गरी उन्नतिको शिखर चढ्न प्रेरणा दिन्थे ।

उनी महात्मा गान्धीका भक्त भएकाले आइपरेमा आफैं अघि सरी काम गर्न हिचकिचाउँदैनथे । आफूले काम गरेर अरुलाई यसरी काम गर्नु पर्दछ काम गर्न लाज मान्नु हुँदैन भनी देखाउँथे । मणिहर्ष ज्योतिसँग सम्बन्ध भएकाहरुले यो देखिआएकै कुरा हो ।

मणिहर्ष ज्योति रेलबाट यात्रा गर्दा सकेसम्म तल्लो श्रेणीको डिब्बामा यात्रा गर्न रुचाउँथे । आफ्ना साथमा महिला र बालबच्चाहरु भएमा मात्र उनी उच्च श्रेणीमा यात्रा गर्दथे । उनको यस्तो आदत देखेर उनलाई कस्तो कंचूस भन्ने मानिसहरु पनि हुन्थे । तर उनी यसरी जोगाएको पैसा सत्कर्ममा खर्च गर्नुपर्छ भनी भन्थे ।

काम लिन सक्ने कुनै पनि चीज त्यसै फाल्नु हुँदैन, सकेसम्म काम लिनु पर्दछ भन्ने उनको सिद्धान्त थियो । उनी जस्ता धनीमानी व्यक्तिले मिति सकिएको क्यालेण्डरमा पत्रको मस्यौदा लेखिरहेको देख्दा उनकहाँ चन्दा माग्न जाने मानिसहरु एउटा क्यालेण्डर समेत फाल्न नसक्ने साहूले कसरी यतिका चन्दा दिनसकेको हो भनी छक्क पर्दथे ।

सानैदेखि दुःख भोगिसकेको हुँदा मणिहर्ष ज्योतिलाई समयको मूल्य थाहा थियो । समयलाई उनी कहिल्यै खेर फाल्दैनथे । मिनेट मिनेटलाई सदुपयोगमा लगाउँथे । कलम र कागज सधैं साथमा राख्थे र गर्नुपर्ने काम चट्ट टिपिहाल्थे । केही समय यसो फर्सद भएमा उनी या त कसैलाई चिठ्ठी लेख्दथे या एकछिन भए पनि ध्यानमा लीन हुन्थे ।

महात्मा गान्धीको प्रभावले नै होला मणिहर्ष ज्योति प्राकृतिक चिकित्सामा अभिरुचि लिन्थे र उनी भारतको आरोग्य मन्दिरको सदस्य थिए । आफू माछा मासु र कुनै किसिमका मादक पदार्थ सेवन नगर्ने भए तापनि उनी यस्तो पदार्थ खाने मानिसहरु प्रति कहिल्यै घृणा गर्दैनथे ।

मणिहर्ष ज्योतिको प्रारम्भिक जीवन कालिम्पोङ्ग र कलकत्तामा बितेकोले उनको सत्सङ्ग धर्म आदित्य धर्माचार्य र स्थविरावदी भिक्षुसँग भयो । शीलसदाचारलाई उनी प्रमुख स्थान दिन्थे । काठमाडौंमा प्रचलित वज्रयानी कर्मकाण्ड र मूर्ति पूजा उनले पछि मात्र देखेका थीए । वज्रयान, लामायान स्थविरवाद जुनसुकै किसिमका यान वा वाद भए तापनि सबै बौद्ध नै हुन् । तिनीहरुको मार्ग मात्र फरक फरक भएको हो भन्ने उनको धारणा थियो ।

लगनशीलता मणिहर्षलाई उँभो लैजाने एउटा प्रमुख गुण हो । आफूले थालेको काम समाप्त नहुन्जेल उनलाई चैन हुँदैनथ्यो । उही लगनशीलता, धैर्य र साहसले उनलाई प्रगति पथमा अघि बढ्न साथ दिएको थियो ।

भाषा मानिसको लागि प्रकृतिले दिएको वरदान हो । मानिसले जति विभिन्न थरीको भाषा जानेको हुन्छ उत्ति नै उसका धेरै मानिसहरुसँग सम्पर्क हुन्छ र यही सम्पर्कले गर्दा मानिसले अरुबाट आवश्यक सहयोग पाउँछ र आफूले पनि अरुलाई सहयोग गर्न सक्छ । मणिहर्ष ज्योतिलाई ५/६  भाषाको ज्ञान थियो । कालिम्पोङ्ग र कलकत्ताको बसाइले गर्दा उनी हिन्दी, बंगाली, तिब्बती, अंग्रेजी भाषा राम्ररी बोल्न सक्थे । नेपाल र नेपालभाषामा उनको मीठो र धाराप्रवाह भाषण धेरैले सुनेकै होलान् । उनी अंग्रेजी भाषामा पनि मिष्ट र शिष्ट भाषणा गर्न सक्दथे । उनको अंग्रेजी भाषाको भाषण सुनेर अंग्रेजहरुले पनि तारीफ गरेका थिए ।

यस्तो प्रखर वक्ता मणिहर्ष ज्योति एउटा समारोहमा भाषण गर्न अघि सर्दा उनको बक नै फुटेन । कति कोशिश गर्दा पनि त्यो दिन उनले भाषण गर्न सकेन । यो देखी उनका हितैषी साथीहरुले यो राम्रो लक्षण भएन यथाशीघ्र डाक्टर जँचाउनु पर्यो भनी सल्लाह दिएका थिए । यसबाट मणिहर्ष ज्योतिलाई आफ्नो अन्तिम अवस्था नजिक आइपुगेको आभास भएको थियो ।

मणिहर्ष ज्योतिलाई फोक्सोको क्यान्सर भएको यकीन भयो । यो कुरा उनलाई पनि थाहा थियो । आफूलाई यस्तो खतरनाक रोग लाग्दा पनि उनी आफूलाई केही पनि रोग नभएको स्वस्थ व्यक्ति झै गरी आगन्तुकहरुसँग कुरा गर्दथे । त्यस्तो कडा रोग लाग्दा पनि उनको त्यो व्यवहार देख्दा उनलाई बिरामी भनी हेर्न जाने मानिसहरु आश्चर्य मान्दथे । उनमा धैर्य थियो, आत्मबल थियो तब उनले यस्तो व्यवहार गर्न सके ।

मणिहर्ष ज्योति बैंककमा क्यान्सरको औषधोपचार गरी काठमाडौं फर्के । उनी सीधैं दुर्घटनामा परी अस्पतालमा भर्ना भइरहेका लुम्बिनी विकास कोषका सदस्य सचिव आशाराम शाक्यलाई भेट्न गए । उक्त कोषका कोषाध्यक्ष मणिहर्ष ज्योतिले आफू क्यान्सरको रोगी भई धेरैदिन बाँच्ने आशा नभएको र सदस्य-सचिव पनि गम्भीर दुर्घटनामा परी अशक्त भइरहेको देख्दा उनले मन थाम्न सकेन र गह भरी आँसु खसाली रुन थाले । रुँदै उनले भने, "आशाराम गुरुज्यू, म त अब धेरै दिनको मान्छे होइन । मैंले अब लुम्बिनी विकासको काम केही गर्न नसक्ने भएँ । अब तपाई चाँडै निको हुनुहोस् लुम्बिनी विकासको काम सफल पार्नुहोस् ।" आफ्नो सम्भाव्य मृत्युलाई प्राकृतिक नियम ठान्ने मणिहर्ष ज्योतिलाई नेपालका सुपुत्र शाक्यसिंह भगवान् बुद्धको जन्मभूमि लुम्बिनीको विकास गर्ने उत्कट आकांक्षा हुँदाहुँदै आफू क्यान्सरको रोगी भई अब केही गर्न नसक्ने भएकोमा ठूलो चोट लागेको थियो ।

मणिहर्ष ज्योति भगवान् बुद्धका परम भक्त त थिए नै उनी परम गुरुभक्त पनि थिए । उनले आफ्ना धर्मगुरु धर्म आदित्य धर्माचार्यलाई गरेको आदर सत्कार देख्दा देख्ने मानिसहरु भन्दथे अहिलेको समयमा पनि उनले कस्तो गुरु सेवा गर्न सकेको । पछि मणिहर्ष ज्योतिले विपश्यना भावनाका आचार्य कल्याणमित्र सत्यनारायण गोयन्का

प्रति पनि उनको त्यस्तै आदर्श सत्कार थियो । उनले आफ्नो अन्तिम अवस्थामा समेत पूज्य गुरुसँग सम्पर्क राखी उनीबाट उपदेशामृत पान गरिरहे ।

मणिहर्ष ज्योतिले विपश्यना ध्यान गर्दागर्दै यस अनित्य संसारलाई सदाको लागि त्याग गरे । उनको निधनपछि धैरै धैरै मानिसहरुले परमेश्वरबाट उनको आत्मालाई चिरशान्ति मिलोस्, उनले सुखावती भुवनमा वास पाओस्, उनलाई निर्वाण लाभ होस् भनी कामना, प्रार्थना, अर्चना, भावना गरे । मणिहर्ष ज्योतिले आफ्नो जीवनकालमा गरेको दान पुण्य धर्मको प्रभावले र धैरै मानिसहरुको कामनाले पनि उनले अवश्य सद्गति पाउनेछ भनी आशा गर्न सकिन्छ ।

अहिले मणिहर्ष ज्योति यस संसारमा नभए तापनि उनले गरेर गएका कामहरु यहाँ छन्, उनको सम्झना बाँकी छ । यसैले उनलाई अमरत्व प्रदान गर्दछ ।

**साधु !** **साधु !!** **साधु !!!**